**"प्ये म्हस्यां छ्या म्हमु, छ्या म्हस्याँ ल्हु म्हमु, ल्हु म्हस्याँ म्हि म्हमु"**
**("शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ र संस्कृति पनि हराए मान्छे नै हराउँछ।")**

छयांजलो; आदरणीय संपूर्ण तमू बुद्धिजिबी वर्गहरु, तमू संघ संस्थाका वर्तमान तथा पुर्व अध्यक्षज्युहरु, पदाधिकारी ज्युहरु, तमू धर्मगुरुहरु, आमा समुह, तमू यूवा समुह, तमू पत्रकार साथीहरू तथा तमु फोरम यूके बोर्डका सदस्यज्युहरु र सम्पुर्ण Zoom Virtual प्रविधिको माध्यमबाट सहभागी तमू महानुभावहरुलाई तमु फोरम युकेको Executive/Editorial Board सम्मेलन मिति २०७८ साल चैत्र १९ गते तदानुसार 2 April 2022 शनिबारको दिनमा मा सहभागी भई अतुलान्निया सुजाव र सहयोग गरि दिनु भएकोमा तमू फोरम यूके टिम आभार व्यक्त गर्दछ ।



**Editorial Board Members photograph with Tamu Forum Patron Pragya Dr. Jagman Krhongi-Lam Tamu PhD on Sat 02 April 2022 at Hotel Le Himalaya Lazimpat, Kathmandu.**

मिति २०७८ साल चैत्र १९ गते तदानुसार 2 April 2022 शनिबारको दिनमा तमू फोरम यूकेले प्रकाशन गर्न लागेको त्रिभाषीय पुस्तकको तयारीको क्रममा तमू फोरम यूकेको Executive Members र Editorial Board Members को संयुक्त सभा "Hotel Le Himalaya,Lazimpat Kathmandu" मा तमू फोरम यूकेका प्रमुख संरक्षक, नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानका उपकुलपति इतिहास तथा संस्कृतिविद प्रज्ञा डा.जगमान क्रोंहगी लम गुरुङको प्रमुख आतिथ्यमा बसेको उक्त बैठकको सभापतित्व तमू फोरम यूकेको निर्देशक श्री क्या. राजु लेम तमूको अध्यक्षतामा सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भयो ।

उक्त सभामा Editorial Board Member समुहका २९ जना, Executive Board Members समुहका १३ जना सहित ३ जना पर्यवलोकनहरु पाइलट ओम गुरुङ, ईन्जिनियर नारायण तमू र ईन्स्पेक्टर ध्रुब तमूज्यू तथा पत्रकारज्यूहरुको प्रत्यक्ष उपस्थिति हुनुको साथै अन्तर्राष्ट्रीय क्षेत्रका नेपाल, यूके तथा विदेशबाट विद्‌वान, बिज्ञ महिला तथा सज्जनबृन्द बुध्दिजीवीहरु यस कार्यक्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा भरच्युल जुम प्रविधि मार्फत पनि सहभागी हुनु भएको थियो।

कार्यक्रमको सञ्चालन तमू फोरम यूकेका उपनिर्देशक श्री हरि लेम तमूज्यूले यूकेबाट भरच्युल जुम प्रविधि मार्फत गर्नु भएको थियो । सभाको प्रारम्भमा Editorial Board Members हरु र Executive Board Members हरु सहित प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपस्थित हुनु भएका सम्पूर्ण बुध्दिजीवी महिला तथा सज्जनबृन्दहरुलाई स्वागत गर्नु हुँदै सम्पूर्ण पदाधिकारीहरुको नाम वाचन गर्नु हुँदै विधिवत रूपमा आसन ग्रहण गराउँदै कुशलता पूर्वक कार्यक्रम सञ्चालन गर्नु भएको थियो । वहाँले पुस्तक लेखन कार्यमा केहि बुध्दिजीवी महानुभावहरुको असहमति तथा विविध कारणहरुले गर्दा केहि ढिलाई हुन गएको प्रष्ट पार्नु हुँदै हामी आफैले लेख्न लागेको ईतिहासमा विविध पक्षमा असहमति जनाउदै विवाद गर्दै किन अल्झि रहने ? स्पष्ट हुन नसक्ने कुराहरुमा निकट भविष्यमा खोज अनुसन्धान गर्दै परिमार्जन तथा संशोधन गर्ने गरि सबैको सहमतिमा आ-आफ्ना स्थानबाट सदभाव,सहयोग, समर्थन गरेमा यो पुस्तक लेखन कार्यले मूर्तरुप लिन सक्नेछ भन्नु हुँदै कार्यक्रमको शुरुवातमा आजको सभा सफलताको कामनाको लागि धर्मगुरुज्यूलाई मन्त्र वाचन गरिदिनु हुन अनुरोध गर्नु भएकोले धर्मगुरु पच्यु पैंडि चीवा श्री यारजङ क्रोम्चैं तमूज्युबाट सफल कार्यक्रमको लागि शुभ कामना मन्त्र वाचन गर्नु भएको थियो।

तमू फोरम यूकेको आज पहिलो पटक नेपालमा भएको यो महत्वपूर्ण ऐतिहासिक सभामा उप-निर्देशक श्री हरि लेम तमूज्यूले आजको सभा स्थान नेपालमा नै भएको हुँदा सभाको सन्चालन नेपालबाटै गर्नु उचित भएको हुनाले बाँकी कार्यक्रम नेपालबाट नै सन्चालन गरि दिनु हुन अनुरोध गर्नु हुँदै अध्यक्ष निर्देशक क्या रि. राजु लेम तमूज्युलाई माईक हस्तान्तरण गर्नु भयो । तमू संस्कृती मञ्च यूकेको निर्देशक रि.क्या.श्री राजु लेम तमूज्यूले कार्यक्रम संचालनको जिम्मेवारी लिनु हुँदै कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभवहरुलाई हार्दिक स्वागत गर्नु हुँदै स्वागत मन्तब्य दिनुको साथै छोटकरीमा आफ्नो ब्यक्तिगत परिचय पनि दिनु हुँदै सभा संचालन गर्नु भयो।

प्रारम्भमा "तमू संस्कृती मञ्च" २०१२ सालमा यूकेमा स्थापना भएको जानकारी दिनु हुँदै यस सँस्था स्थापना गर्नु पर्ने औचित्य,यस संस्था कसरी स्थापना भएको ? र यसको उध्देश्य के हो ? यस सँस्थाको स्थापना कालदेखि हाल सम्मको सम्पूर्ण क्रियाकलापहरुको ईतिहास बारे छोटकरीमा प्रष्ट जानकारी दिनु भयो। यस तमू संस्कृती मञ्च यूकेको मुख्य उध्देश्य गुरुङहरुको भाषा, धर्म, भेषभुषा, सम्पूर्ण सँस्कार, संस्कृति समेटिने गरि गुरुङ सम्पदा त्रिभाषीय पुस्तक दस्ताबेज प्रकाशन गर्न पन्च बर्षीय योजना राखि लागी परेको जानकारी दिनु भयो। साथै यो त्रिभाषीय दस्तावेज लेखन कार्यमा ३ वटा उप समितिहरु प्रो. श्री नारायण ल्हेंगे तमू, श्री सुमलकुमार पैंगी लम तमू र श्री एकेन्द्र म्हिघी लम तमूको नेतृत्वमा2 गठन गरि वहाँहरुको समुहले तयार गर्नु भएको पहिलो

मस्यौदा पण्डूलीपी सम्पादन कार्यको लागि तमू संस्कृती मञ्च युकेका संरक्षक प्रज्ञा डा.श्री जगमान तमूज्यूलाई एक बर्ष पहिले नै हस्तान्तरण गरि सकेको जानकारी दिनु हुँदै अब आउँदो मे महिना सम्ममा वहाँले उक्त सम्पूर्ण मस्यौदा पाण्डुलिपिलाई आवश्यक काँटछाँट गर्नु भै पहिलो सम्पादन कार्य पुरा गर्नु हुनेछ र तमू फोरम यूकेको बोर्ड मिटीङले श्री डा. टेक बहादुर लेम गुरुङज्यूको संयोजक्तमा गठन गरेको त्रिभाषिय पुस्तक दस्तावेज लेखन कार्य सम्पादन मण्डललाई हस्ताण्तरण गरिनेछ । र आउँदो ५ / ६ महिना भित्र उक्त मस्यौदा पाण्डुलिपिको रुपरेखा तयार गर्नु भै माथिल्लो स्तरमा गहण छलफल गरिनेछ । र सुझावको आधारमा पुन: आवश्यक काँटछाँट गरि दस्तावेजको अन्तिम रुप तयार गरि पुस्तक प्रकाशन गरिनेछ भनि जानकारी दिनु भयो।

त्रिभाषिय पुस्तक दस्तावेज लेखन कार्य सम्पादन मण्डलका संयोजक डा. टेक बहादुर लेम गुरुङज्यूले प्रत्युत्तरमा यस पुस्तक लेखन कार्यमा हाम्रा लेखक बिज्ञहरुको अथक प्रयासले तयार गर्नु भएको मस्यौदालाई डा. जगमान क्रोंहगी लम गुरुङज्यूले काँटछाँट गर्नु भै सम्पादन गर्नु भएको पाण्डुलिपिलाई अझै थप सत्य तथ्य केलाएर ५।६ महिनाको छोटो अवाधिमा पुस्तकको ढाँचा तयार गर्ने गहण जिम्मेवारी कार्य मलाई दिनु भएकोछ । यो अवश्य पनि सजिलो कार्य त छैन। तर पनि म तथा हाम्रो समूहले हरहिसाबले सके सम्म सबै कुराको सन्तुलन तथा सबैको चित्त बुझाउने प्रयास गरेर सम्पन्न गर्नेछु भनि प्रतिबध्दता गर्नु भयो ।

उक्त सभामा देश तथा विदेशबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा र भरच्युल जुम प्रविधिको प्रयोग मार्फत सहभागी हुनु भएको विद्वान, बिज्ञ महिला तथा सज्जनबृन्द बुध्दिजीवीहरु साथै पर्यवलोकनहरु, पत्रकारज्यूहरुले पनि तमू फोरम बारेमा आ-आफ्ना धारणा तथा उपयोगी सुझावहरु दिनु भएको थियो। समग्रमा वहाँहरुले तमू फोरम यूकेले तयार गर्न लागेको यो त्रिभाषीय दस्तावेज सम्पूर्ण तमूहरुको लागि अति नै महत्वपुर्ण, ज्ञानमुलक तथा उपयोगी हुनुको साथै हाम्रा सन्ततीहरुलाई मार्ग दर्शन हुनेछ । तसर्थ यो दस्तावेज पूर्ण रुपले प्रष्ट तथा विवाद रहित हुनु पर्छ भनि सबैले आआफ्नो तर्फबाट राम्रा राम्रा तर्कहरू तथा सुझावहरु दिनु भयो। यहाँ वहाँहरु सम्पूर्णको नाम अनि भनाईहरु यहाँ छुट्टा छुट्टै समावेश गर्नु असमर्थ भएकोले क्षमा प्रार्थी छौं।

तमू फोरम यूकेका निर्देशक क्या. राजू लेम तमूज्युले सिन्धुली गढी लडाईंका नायक लेमहरुको खे (पुर्खा) शिकारी सरदार वंशु (वंसु) गुरुङको जसपुर्, तनहुँमा निर्माण भएको सालिक भरखरै मात्र अवलोकन गर्ने अवशर पाएँ तर विडम्वना अहिले घोताने / घोन्टे समाजबाट पनि शिकारी सरदार वंशु गुरुङलाई घोताने / घोन्टेको पुर्खा हो भनि दावी गरेको पाएको हुनाले यसको बारे प्रष्ट पारी दिनु हुन तमू फोरम यूकेका प्रमुख संरक्षक नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानका उपकुलपति इतिहास तथा संस्कृतिविद प्रज्ञा डा. जगमान क्रोंहगी लम गुरुङज्यूलाई अनुरोध गर्नु भयो ।

प्रत्युत्तरमा तमू फोरम यूकेका प्रमुख संरक्षक नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानका उपकुलपति इतिहास तथा संस्कृतिविद डा. जगमान क्रोंहगी लम गुरुङ ज्यूले वंस गुरुङको नाम कुनै ईतिहासकारहरुले वंस (वंसु) गुरुङ र कुनै ईतिहासकारहरुले वंसु गुरुङ लेखेकाछन् । तर म सारा ईतिहासविदहरुलाई च्यालेन्ज् गरि ठोकुवा गरेर भन्छु वंसु गुरुङ होइन वंस गुरुङ हो । यसलाई ईतिहासविदहरु तथा ईतिहास संसोधन मण्डलले पनि ठहर गरेको कुरा हो। वंस गुरुङ लेमहरुको पुर्खा हो कि ? कोने घोन्टेहरुको पुर्खा हो ? भन्ने कुरा पछि राखौंला भन्नु भयो।

तमू फोरम यूकेका प्रमुख संरक्षक, नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानका उपकुलपति इतिहास तथा संस्कृतिविद प्रज्ञा डा. जगमान क्रोंहगी लम गुरुङज्यूले यो पुस्तकको सम्पादनको लागि मस्यौदा पाण्डुलिपि एक बर्ष अगाडि नै मेरो हातमा परेको थियो। तर मैले सम्पादन गर्न सकेको छैन। ब्यक्तिगत कुरा हो भने गाली पाए पनि, ताली पाए पनि मैले आफैले जसोतसो सम्पादन गरि सक्ने थियो। तर यो संस्थाको काम भएको कारण मैले  सम्पादन गरि हालेर संस्थाले दस्तावेज छापी हाले पनि यो त डा.जगमानले बिगारेको भनेर आरोप लगाई हाल्छ। तसर्थ मैले धेरै गहिरिएर अध्ययन गर्नु पर्ने हुनाले पुस्तक सम्पादन कार्य हुन नसक्दा लेखन कार्यको हलो म मा आएर अड्की रहेकोछ ।

हामीले निर्देशित सिध्दान्त के हो ? बुझ्नु पर्छ र यसको पालन गर्नु पर्छ। निर्देशित सिध्दान्त क्येताँ-पहुँताँ , प्येताँ-ल्हुताँ , तोताँ-स्योताँमा आधारित हुनु पर्छ। क्होलर आचुँबै तमू तमू आङि, क्होलरबै प्ये अखेबै पच्यू पच्यू आङि। क्होलरबै प्ये आखेबै क्ल्हेप्री क्ल्हेप्री आङि। क्होलरबै छ्याचा आखेबै लम  लम आङि भन्छन । तर यहाँ त

भाँडभैलो छ । निर्देशित सिध्दान्तको वास्तै नराखि जथाभावी एउटा समुहले यो हुनु पर्छ भन्छन । अर्को समुहले त्यो हुनु पर्छ भन्छन्। अर्कोतिर खेगीहरुको प्ये नै एक आपसमा मेल खाँदैनन्। कसको प्येलाई सहि मान्ने ? मुहान नै धमिलो, फोहोर छ । सफा छैन। धमिलो, फोहोर मुहानबाट कहिले रातो माटो आउँछ। कहिले कालो माटो आउँछ। कहिले कमेरो माटो आउँछ। मुहानै धमिलो, फोहोर भए पछि फोहोरबाट कसरी बिझुलीको उत्पादन हुन्छ ? तै पनि मैले जसोतसो केहि मात्रमा सम्पादन गरेर बुझाएकोछु । अब अन्तिम पटक खेगीहरु,म्हिघ्रैं चोघ्रैंहरु सँग परामर्श गरि वहाँहरुको आज्ञा लिएर दरो मुटु लिएर जबर्जस्ती नै काँटछाँट गरेर सम्पादन गर्न आवश्यक देखेको महसुस गरेकोछु।  तर यहाँ त केहि समुहले तमूहरु काली गण्डकीको तीरै तीर आएको, कसैले मर्स्याङ्दीको तीरै तीर आएको पनि समावेश हुनु पर्छ भनि बखेडा निकाल्दै बिरोध मात्र गर्ने र क्होलाको सभ्यताको उपेक्षा गर्छ भने मैले यो सम्पादन कार्य  पुरा गर्न सक्दैन। मैले तमू फोरमको यो संरक्षक पदबाट पद मुक्त भएर बसे हुन्छ भन्नु भयो।

अन्तमा तमू फोरमको सह निर्देशक क्या.डेम बहादुर योजा तमूज्यूले यस बैठकको समापनको क्रममा तमू फोरम यूके तमूधीं यूके र तमू प्येल्हु सँघ युकेको संयुक्त सहमतिमा गठन भएको संस्था हो भन्ने जानकारी दिनु हुँदै तमू फोरम यूकेले सम्पूर्ण तमूहरुलाई एकताको मालामा गाँसेर एकता बध्द भै राज्यले विचलित बनाई दिएको हामी तमूहरुको संस्कार संस्कृती तथा एउटै तमूहरुलाई ठुलो र सानो तमूमा बिभाजित गराई नदीको दुई किनारा जस्तै बनाई जुटनै नसक्ने आवश्था बनाई दिएको आवश्थाको ईतिहासलाई चिरफार गर्दै सम्पूर्ण तमूहरु एक ढिक्का भै हामी आफैले लेख्न लागेको यो महत्वपूर्ण दस्तावेज लेखन कार्यमा कुनै आँच आउन नदिई सफल पारौं भन्नु हुँदै आजको यो महत्वपूर्ण ऐतिहासिक सभामा धैर्यता साथ यति लामो समय सम्म बैठकमा सहभागी हुनु भएको सम्पूर्ण महानुभवहरुलाई धन्यबाद दिनु हुँदै सभा अध्यक्षज्यूको अनुमतिमा विधिवत रूपमा बैठक समापन भएको घोषणा गर्नु भयो । साथै यस सम्पादन मण्डलको बैठक संचालनको निम्ती आवस्यक आर्थिक सहयोग जुटाउन तमू फोरम युकेका EXECUTIVE कार्यसमितिका पदाधिकारीहरूबाटा निमनानुसार सहयोग प्राप्त भयो । यसको निम्ती संपुर्ण तमूहरुको तर्फबाटा म वहाँहरूलाई हार्दिक आभार सहित धन्यवाद टक्राउन चाहन्छु ।

1. Captain Raju Lem Tamu, Director – **£150**
2. Major Lalbahadur Kone Tamu, Board of Council Chair - **£150**
3. Mr Hari Tut-Lem Tamu, Co-Director 1 - **£100**
4. Captain Devraj Ngopchhe Tamu, Co-Director 2 - **£100**
5. Captain Dembahadur Yoja Tamu, Asst Board of council chair - **£100**
6. Barrister Balkrishna Kone Tamu, Legal Advisor - - **£100**
7. Mr Jumkaji Tamu, Treasurer - **£100**
8. Mr Yam pachhyu Tamu - **£100**
9. Mr Hitkaji Tamu, President Tamu Dheen UK/Executive Adv - **£100**
10. Mr Ranbahadur Tu Klehpri Tamu, President Tamu Pye Lhu Sangh UK/Executive Adv - **£100**
11. Captain Suryaprakash Krhongilam Tamu, Executive Advisor - **£100**
12. Captain Balkrishna Lem Tamu, Executive Advisor - **£100**

**==============================================================**

**= Total Sponsored is £1300 (Rs205400 ex Rate Rs158)**

**= Total Expenditure on the event was Rs208487. Thank you.**

यस Sunday, 8th May 2022 (**बैशख २५ गते २०७९ साल)** तमू फोरम यूकेको वार्षिक सभामा तपाईंहरूको गरिमामय उपस्थितिको लागि तमू संस्कृत मंच यूके टीम हार्दिक अनुरोध गर्दा छ **। जय तमू फोरम यूके । जय तमूमै ।**

**टिपोटकर्ता : - श्री अमर लेम तमू B.Ed** – Writer Tamu Forum-UK

**अनुमोदन कर्ता:**

***Captain Raju Lem Gurung***

Director
Tamu (Gurung) Culture Forum-UK
**Mob:** 00 4 7735413073
**Email: projectadmin@tamuculturalforum.org.uk**
**Visit: Website: www.tamuculturalforum.org.uk**

**Dated:** 01 May 2022

**Annex A -** Tamu Cultural Forum-UK Final Editorial Board Names attached with this Minute.